आकाशवाणी

Thu30-10-25

मुख्य समाचार

- भाजपाका वरिष्ठ नेता र प्रधानमन्त्रीले कंग्रेस र राष्ट्रीय जनता दलमाथी, छठ पर्वको अपमान गर्ने लगाउनुभयो आरोप
- राष्ट्रीय एकता दिवसको अवसरमा गुजरातमा एक भारत, श्रेष्ठ भारतको प्रतीकका रूपमा एकता परेडको आयोजना गरिने गृह मन्त्रीले दिनुभयो जानकारी
- विदेश मन्त्रीले, भारतले **साइप्रसको सम्प्रभुता**, एकता र क्षेत्रीय अखण्डताको पूरा समर्थन गरेको बताउनुभयो, अनि
- मौसम विभागले बिहार, छत्तीसगढ, पूर्वी मध्य प्रदेश, पूर्वी उत्तर प्रदेश, गुजरात, झारखण्ड, कोकण, गोवा, महाराष्ट्र, पश्चिम बंगाल र सिक्किममा भारी वर्षाको अनुमान व्यक्त गरेको छ।

-------

28 प्रधानमंत्री प्रचार-मुजफ्फरपुर

भाजपाका वरिष्ठ नेता र प्रधानमन्त्री नरेन्द्र मोदीले कंग्रेस र राष्ट्रीय जनता दलमाथी छठ पर्वको अपमान गर्ने आरोप लगाउनुभयो । बिहारको Muzaffarpur-मा एउटा चुनावी रैलीमा प्रधानमन्त्रीले भन्नुभयो, कंग्रेस र राष्ट्रीय जनता दलका नेताले छठ मैयाको अपमान गरिरहेका छन् र यस पर्वलाई ड्रामा बताइरहेका छन् । उहाँले भन्नुभयो, अर्को तर्फ एन.डी.ए र भाजपा बिहारको भाषा,

बोली, संस्कृति तथा विरासतलाई प्राथमिकताको आधारमा बढ़ावा द िनका लागि वचनबद्ध छ। श्री मोदीले भन्नुभयो, बिहारका जनताले यस अपमानलाई भूल ्ने छैनन्  किनभने यो उन ीहरूको स्वाभ ीमान-मा हमला ह ो।

## 36  संशो शाह - एकता दिवस

गृह मन्त्री अमित शाहले बताउनुभयो, राष्ट्रीय एकता दिवसको अवसरमा भोली गुजरातको **केवड़ियामा** एक भारत, श्रेष्ठ भारतको प्रतीकका रूपमा एउटा राम्रो एकता परेडको आयोजन ा गरिनेछ ।  उहाँले बताउनुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीले यस परेडको उद्घाटन गर्नुहुनेछ, जो हर ेक साल एकतिस  अक्टूबरमा एकता नगरमा आयोजित गरिन्छ । पटनामा संवाददाता सम्मेलनलाई सम्बोधन गर्दै श्री शाहले भन्नुभयो, परेड सरदार वल्लभ भाई पटेलको एक सय पचासौ जयन्तीको अवसरमा आयोजिन गरिदैछ । **केन्द्रीय सशस्त्र अर्धसैनिक** बलहरूका अतिरिक्त राज्यका पुलिस बल र देश भर ीका कलाकार यस समारोहमा शाम ेल ह ुनेछन् । श्री शाहले बताउनुभयो य ो परेड,  पुलिस बलक ो साहस र बलिदानलाई समर्पित हुनेछ।

## मनसुख मांडविया- समुद्री सप्ताह 2025

केन्द्रीय युवा कार्यक्रम, खेल तथा श्रम र रोजगार मन्त्री ड ा. मनसुख माण्डवियाले भन्नुभएकोछ, भारत एक समयमा जहाज निर्माण र समुद्री क्षमतामा विश ्वमा अग्रणी थ ियो । भारत समुद्री हप्ताह दुई हजार पचिसमा समुद्री मानव

पून्जी सत्रमा मुख्य भाषण दिँदै डा. माण्डवियाले बताउनुभयो, **वास्को डी गामा** भारत आउनु भन्दा धेरै पहिले नै भारतीय व्यापारीहरूले विश्वभरमा व्यापक व्यापार मार्ग स्थापित गरेका थिए । डा. माण्डवियाले भन्नुभयो, भारतलाई समुद्री अमृत काल परिकल्पना दुई हजार सैतालिसमा साकार गर्नका लागि आफ्नो प्राचीन समुद्री ज्ञानको उपयोग गर्नुपर्छ ।

## जयशंकर-साइप्रस विदेश मंत्री बैठक

विदेश मन्त्री डा. एस. जयशंकरले भन्नुभएकोछ, भारतले साइप्रस-को सम्प्रभुता, एकता र क्षेत्रीय अखण्डताको पूरा समर्थन गर्दछ । डा. जयशंकरले आज नयाँ दिल्लीमा साइप्रसका विदेश मन्त्री डा. Cons tantinos Kombos –का साथ बैठकमा सीमापार आतंकवाद विरूद्ध लड़ाईमा साइप्रसको निरन्तर समर्थनको सराहना पनि गर्नुभयो । उहाँले  पहलगाम आतंकवादी हमलाको कड़ा विरोध गर्न र आतंकवाद विरूद्ध लड़ाईमा भारतका साथ एकजुटता व्यक्त गर्नका लागि साइप्रस सरकारलाई धन्यवाद दिनुभयो । डा. जयशंकरले भन्नुभयो, साइप्रसले अगिलो वर्ष पहिलो जनवरीदेखी यूरोपीय संघ परिषदको अध्यक्षता समाल्न जाँदैछ।

## 41 रिजिजू-नेवा

संसदीय कार्य मन्त्री **किरेन रिजिजूले** भन्नुभएकोछ, डिजिटल इण्डियाका माध्यमले लोकतन्त्रका तीन अङ्गहरू,  विधायिका, न्यायपालिका र कार्यपालिकाको

डिजिटलीकरण गरिदैछ । उहाँले आज नयाँ दिल्लीमा **राष्ट्रीय ई-विधान एप्लीकेशन – नेवामा** आयोजित तेस्रो राष्ट्रीय सम्मेलनलाई सम्बोधन गर्नुभयो । श्री रिजिजूले भन्नुभयो, विधायिका, न्यायपालिका र कार्यपालिकाले आफ्नो कामकाजमा सुधारका लागि डिजिटल तकनीकलाई अप्नाउदैछन्, जसको राम्रो परिणाम मिलिरहेकोछ । संसदीय कार्य सचिव **निकुन्ज बिहारी ढल-ले** पनि यस कार्यक्रमलाई सम्बोधन गर्नुभयो ,जसमा एक सय भन्दा धेरै मानिसले भाग लिए ।

यो पहल भारत सरकारको डिजिटल इण्डिया कार्यक्रम अन्तर्गतको **चवालिस मिशन मोड परियोजनाहरूमा** एक हो। यसको उद्देश्य सबै राज्य विधान मण्डलहरूको कामकाजलाई कागज रहित बनाउनु, तिनीहरूलाई 'डिजिटल सदनमा ' बद्लिनु र **'एक राष्ट्र, एक अनुप्रयोग'**-को दृष्टिकोण अन्तर्गत सबै सैतिस विधान सदनहरू एउटा डिजिटल प्लेटफर्ममा एकीकृत गर्नुहो ।

**केरल एसआईआर**

केरलमा मतदाता सूचिहरूको विशेष गहन पुनरीक्षणको सिलसिलामा आज **गणना प्रपत्र** जारी गर्ने काम शुरू भएकोछ । बूथ लेवल अधिकारी **जे. बेनजीरले** राजभवनमा केरलका राज्यपाल राजेन्द्र विश्वनाथ आरलेकरलाई औपचारिक रूपले पहिलो गणना प्रपत्र सुम्पिनुभयो भने, यस अवसरमा मुख्य निर्वाचन अधिकारी र अन्य वरिष्ठ अधिकारीको पनि उपस्थिति रहेको थियो।

## बिहार राज्यपाल पटेल सम्बोधन

बिहारका राज्यपाल **आरिफ मोहम्मद खानले** भन्नुभएकोछ, सरदार वल्लभभाई पटेलले पूरा राष्ट्रलाई एकजुट गर्नमा केन्द्रीय भूमिका निभाउनुभयो । दिल्ली विधानसभामा सरदार वल्लभभाई पटेल र भारतकको एकीकरणमा उहाँको महत्वपूर्ण योदगानमा एउटा संगोष्ठीलाई सम्बोधन गर्दै श्री खानले ,सरदार पटेलले देशको व्यापक विविधताको सम्मान गर्दै भावनात्मक एकतालाई बढ़ावा दिनुभयो भने, देशवासी बीच बलियो राष्ट्रीय पहिचान विकसित गर्नमा पनि योगदान दिनुभएको बताउनुभयो।

## श्रीराम मन्दिर-पूर्ण

विश्व भरका राम भक्तले अयोध्यामा श्रीराम जन्मभूमि मन्दिर निर्माणका लागि तीन हज़ार करोड़ रुपियाँ भन्दा अधिकको दान दिएका छन् । श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टका अध्यक्ष नृपेन्द्र मिश्रले भन्नुभयो, राम मन्दिर निर्माणमा अहिले सम्म एक हजार पाँच सय करोड़ रुपियाँ खर्च भएकोछ र निर्माण कार्य पूरा हुँदा सम्म यो आँकड़ा एक हजार आठ सय करोड़ रुपियाँ सम्म पुग्ने सम्भावना छ । उहाँले भन्नुभयो, ट्रस्टलाई आशा छ ,अगिलो सालको अन्त सम्म राम मन्दिर पूरा बनेर तयार हुनेछ ।

**मौसम**

मौसम विभागले आज बिहार, छत्तीसगढ़, पूर्वी मध्य प्रदेश, पूर्वी उत्तर प्रदेश, गुजरात, झारखंड, कोकण, गोवा, महाराष्ट्र, पश्चिम बंगाल र सिक्किममा भारी वर्षाको अनुमान व्यक्त गरेको छ।

विभागले भनेको छ ,आगामी दुई-तीन दिनमा तटीय आन्ध्र प्रदेश, ओडिशा, तेलंगाना, पश्चिम बंगाल, सिक्किम र अण्डमान तथा निकोबार द्वीप समूहका केही भागमा बिजुली र तेज हावासँगै  चट्याङ्ग र वर्षा हुन सक्छ। आज पूर्वी मध्य अरब सागरका केही भागमा तेज हावासँगै वर्षा हुने सम्भावना छ।

---------